PAN : 601048007 "मानव अधिकार,सूचना र सुशासनका लागी"

उ.जि.प्र.का.द.न.६११/०६४

# सुशासनका हिमायती (जि क्यू)

# GUYS FOR GOOD GOVERNANCE (G3)

Triyuga Municipality-11, Gaighat, Udayapur

प.स.:

च.न.: मितिः २०७९/०३/१०

**बिषय : सार्वजनिक सुनुवाई कार्यक्रमको भुक्तानी सम्वन्धमा ।**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
त्रियुगा नगरपालिकाको कार्यालय गाईघाट उदयपुर ।

उपरोक्त सम्वन्धमा त्रियुगा नगरपालिका गाईघाट उदयपुरको आयोजनामा सुशासनका हिमायती (जी क्यू) उदयपुरको सहजीकरणमा **आर्थिक वर्ष ०७८/०७९ को सार्वजनिक सनुवाई कार्यक्रम वडा नं.१,२ र १६ साथै नगरपालिका भवनमा गरि चार स्थानमा संचालन** गरी सम्पन्न भएको छ । सम्पन्न उक्त ४ स्थानको सार्वजनिक सुनुवाई कार्यक्रम मध्ये वडा नं.१६ को प्रस्तुतिकरण मात्र बाँकी रहेको र सोको विल भर्पाई यसमा समावेस नगरीएको व्यहोरा अनुरोध छ । यस प्रतिवेदनमा प्रस्तुत गरिएका सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन,छलफल तथा प्रश्न उत्तर र प्रतिबद्धता साथै फोटोहरु समेत समावेस गरी सुशासनका हिमायती (जी क्यू) उदयपुरले यो प्रतिवेदन तयार गरेको छ । सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन,विलभर्पाई,उपस्थिति,फोटोहरु समेत संलग्न राखि **सम्झौता अनुसारको रकम भुक्तानीका** लागि त्रियुगा नगरपालिकमा पेस गरेको व्यहोरा अनुरोध छ ।

भरत खडका
अध्यक्ष

त्रियुगा नगरपालिका कार्यालय गाईघाट उदयपुरको आ.ब.०७८/०७९ को
चार स्थानमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रमको
**खर्च विवरण**

| क्र.स | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | बहिरगमन अभिमत प्रश्नावली तयारी | १२,८००।- | |
| २ | नगरिक प्रतिवेदन प्रश्नावली तयारी | १२,८००।- | |
| ३ | तथ्याङ्क संकलकहरुलाई अभिमुखिकरण | १३,६००।- | |
| ४ | बहिरगमन अभिमत प्रश्नावली तथ्याङ्क संकलन | २८,८००।- | |
| ५ | नागरिक प्रतिवेदन प्रश्नावली तथ्याङ्क संकलन | २८,८००।- | |
| ६ | बहिरगमन अभिमत तथ्याङ्क विश्लेषण | ३८,४००।- | |
| ७ | नागरिक प्रतिवेदन तथ्याङ्क विश्लेषण | ३८,४००।- | |
| ८ | प्रतिवेदन | ६,४००।- | |
| ९ | प्रस्तुतिकरण | २४,०००।- | |
| १० | स्टेसनरी | ३०,०००।- | |
| ११ | सहभागि चिया खाजा | ५९,१६५।- | |
| १२ | व्यानर | ४,०००।- | |
| १३ | समन्वय | ४,०००।- | |
| १४ | विविध | ९,६००।- | |
| १५ | सहजकर्ताको यातायात खर्च | ५६,०००।- | |
| १६ | **जम्मा** | **३६६,७६५।-** | |
| | | | |

**तिन लाख छैंसठ्ठी हजार सात सय पैंसठ्ठी मात्र**

"सहभागिता, पारदर्शिता,जवाफदेहीता र उत्तरदायित्वका लागि"
त्रियुगा नगरपालिका कार्यालय गार्यघाट उदयपुरको आयोजनामा सुशासनका हिमायती (जि क्यू)उदयपुरको सहजिकरणमा संचालन भएको त्रियुगा नगरपालिका र वडा नं.१,२ र १६ को **आ.ब.०७८/७९ को**

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगती प्रतिवेदन

मिति २०७९/०३/३२















**सहजिकरण:**
**सुशासनका हिमायति (जीक्यू)उदयपुर**

**आयोजक:**
**त्रियुगा नगरपालिका कार्यालय गाईघाट उदयपुर**

## त्रियुगा नगरपालिका कार्यालय गाईघाट उदयपुरको आयोजनामा सुशासनका हिमायती (जी क्यू) उदयपुरको सहजिकरणमा त्रियुगा नगरपालिका कार्यालय गाईघाट र १,२ र १६ नं.वडाको आ.ब.०७८/७९ को सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिवेदन

**पृष्ठभूमि :**

सहभागिता,पारदर्शिता,जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु गराउनु सबै सार्वजनिक निकायको अनिवार्य सर्त,न्यूनतम कार्य वा सामाजिक दायित्व हो । सुशासन नेपाल सरकारका सबै संरचना र संयन्त्रहरुको प्रतिबद्धता हो । यसका लागि सार्वजनिक सुनुवाई एउटा राम्रो संयन्त्र हो । यस सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई नागरिकको सर्बोच्च चासोको रुपमा वा  नागरिक आवजको रुपमा बुझ्न सकिन्छ भने अर्को तिर कानुनि दायित्व पनि हो । यस कारण सार्वजनिक सुनुवाई सबै सार्वजनिक निकायले गर्ने गराउने चलन बढ्दै गएको छ । त्रियुगा नगरपालिकाको आयोजनामा त्रियुगा नगरपालिका कार्यालय साथै १,२ र १६ नं.वडा गरी चार स्थानमा आ.ब.०७८/७९ को सार्वजनिक सुनुवाई कार्यक्रम तेस्रो पक्ष सुशासनका हिमायतीको सहजिकरणमा संचालन भई सम्पन्न भएको छ । यस प्रतिवेदनमा सुशासनका हिमायतीले सर्वजनिक सुनुवाईको जानकारी,उद्देश्य,विधि र प्रकृया यसै गरी सुनुवाई संचालनको क्रममा भए गरेका सम्पुर्ण गतिविधिहरु समेटि संक्षिप्त रुपमा यस प्रतिवेदनमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

### सार्वजनिक सुनुवाई नागरिक आवाज नागरिक मैत्रि कार्यक्रम हो ।

नागरिकहरु भन्ने गर्छन सुनुवाई स्थानीय सरकारको सामाजिक जिम्मेवारी,दायित्व,र जवाफदेहीता हो । यो नागरिक सर्बोच्चता तथा सुचनाको हकको व्यवहारिक प्रयोग गर्ने थलो हो ।सार्वजनिक सुनुवाई अवसर हो, बिषयले औपचारिक्ता पाउँछ र आगामी दिनका लागि मार्ग निर्देश गर्छ।यसले पुर्ण बिश्वास,नियम पुर्बक र नियमित अभ्यास गर्ने बाँनिको विकास गर्दछ । सार्वजनिक सुनुवाईका कारण सुशासन संस्कारको विकास र दण्डहिनतामा कमी आउँछ ।कार्य सम्पादनमा बढोत्तरी र अनुदानमा बृद्धि गर्न टेवा पुऱ्याउँछ ।सुशासनको आधार,औजार,जग,पिल्लर र खम्बा हो वा सुशासनका लागि एउटा राम्रो संयन्त्र हो ।सर्बोच्च चासोको बिषय हो । नया नेपालको आवश्यक्ता हो ।यस कारण ।

### नागरिक समाजको प्रतिनिधि संस्था सुशासनका हिमायती (जी क्यु)यस कार्यको स्वागत गर्न चाहन्छर आयोजकलाई धन्यवाद भन्न चाहान्छ ।

### सार्वजनिक सुनुवाईको पृष्टभुमिः

स्थानीय सरकारसँग सुशासन,पारदर्शिता र जवाफदेहिताको अपेक्षा गरिन्छ । कार्यकुशलताको सम्बन्ध जनअधिकार र जनसेवासँग प्रत्यक्ष जोडिएको हुन्छ ।

**राज्यका निर्देशक सिद्धान्त,नीति तथा दायित्व,**

सार्वजनिक प्रशासनलाई स्वच्छ,सक्षम,निष्पक्ष,पारदर्शी,भ्रष्टाचारमुक्त,जनउत्तरदायि र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने भन्ने छ ।

### स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावना अनुसारः

जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता,सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने

सूचनाको अधिकार,सार्वभौम जनतालाई सार्वजनिक सरोकारका हरेक क्रियाकलापमा जानकारी राख्ने र प्रश्न गर्ने नैसर्गिक अधिकार रहन्छ । यस कारण सार्वजनिक सुनुवाई गर्ने गराउने प्रकृया बढेको हो र यो अनिवार्य बन्नुपर्छ ।

## सार्वजनिक सुनुवाईको परिचयः

स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने कार्यलाई सार्वजनिक सुनुवाई भनिन्छ ।

### सार्वजनिक सुनुवाईको उद्देश्य

स्थानीय सरकारबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा,वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने यस सार्वजनिक सुनुवाई कार्यको उद्देश्य रहनेछ ।

## सार्वजनिक सुनुवाईको प्रकिया

सार्वजनिक सुनुवाइ भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय सरकारका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुल्ला हाका हाकि छलफल वा प्रश्न-उत्तर गर्ने प्रक्रियालाई जनाउँछ ।

यस प्रक्रियामा प्रश्न गर्नु आधा काम हो भने त्यसको जवाफ दिनु बाँकी काम हो ।

## सार्वजनिक सुनुवाईको विधि

१ सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गर्ने,

२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गर्ने

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने<br>
४ प्रतिवेदन तयार गर्ने

## सार्वजनिक सुनुवाईको व्यवस्था

स्थानीय सरकारको न्यूनतम कार्य सम्पादन तथा मापनको अनिवार्य सुचक र सर्त हो ।

स्थानीय सरकारले प्रत्येक चौमासिकमा एक पटक पर्ने गरी **सार्वजनिक सुनुवाई** गर्नु पर्ने हुन्छ ।

सुनुवाईको कार्यविधि तथा सिद्धान्त अनुसार स्थानीय सरकारले सार्वजनिक सुनुवाइको बहसलाई विषय केन्द्रित गराउन तेस्रो पक्षको रुपमा **सार्वजनिक सुनुवाइ सहजकर्ताको** व्यवस्था गर्नुपर्नेछ ।

## त्रियुगा नगरपालिकको सार्वजनिक सुनुवाई कार्यक्रमको छलफलको बिषय

१ त्रियुगा नगरपालिका बाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाको वारेमा सन्तुष्टी असन्तुष्टी सार्वजनिक गर्ने/जानकारी गराउने ।

२ सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।

४ सामाजिक जिम्मेवारी तथा न्यूनतम शर्त तथा कार्य सम्पादन मापन पुरा गर्ने ।

५ सुचनाको हक र सुशासन संस्कारको बिकास गर्ने ।

## त्रियुगा नगरपालिकको सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य

संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टी असन्तुष्टी जे छ खुल्ला राख्ने ।सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ थाहा पाउने ।

सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।

नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।

सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।

हाका-हाकी प्रश्न उत्तर तथा छलफल गर्ने र स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्ने ।

## सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको आचारसंहिता

यस अवसरलाई ब्यक्तिगत रिस इवी साध्ने मौकाकोरुपमा नलिने,

अरुको बिचारको सम्मान गर्ने,सुन्ने धैर्यता राख्ने बाहिर भित्र नगर्ने,

सहभागि सबैलाई बोल्ने अवसर छ,बोल्नका लागि हात उठाएर सङ्केत गर्ने,

आफ्नो परिचय दिने र सेवा प्राप्त गर्दाको अनुभव बिषयवस्तु भित्र रहेर सत्य तथ्य केन्द्रित भएर बोल्ने,

बक्ताहरुले पनि भुमिका नवाँधी सहभागिहरुले सोधेका प्रश्नहरुको जवाफ स्पष्टसँग शालिनतापूर्वक बिषयकेन्द्रित भएर दिनुपर्नेछ ।

सहभागिले बिचार वा प्रश्न के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।संचालकले बोल्ने संङ्केत गरेपछि मात्र बोल्नु पर्ने छ ।तोकिएको समय भन्दा बढि बोल्न पाईने छैन ।

आफूभन्दा पहीलेका सहभागिले बोलेका कुरालाइ दोहऱ्याउन पाइने छैन ।

चित्त नबुझेका थप कुरा संचालकको अनुमतिलिएर राख्न पाइनेछ ।

संचालकाले प्रस्तुति रोक्न अनुरोध गरेपछि तत्काल रोक्नु पर्ने छ र

सुनुवाइलाई बिषयान्तर हुनुबाट बचाउन सबै सहभागिहरुले सहयोग गर्नु पर्ने हुन्छ ।

**सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य :**

१ त्रियुगा नगरपालिका गाईघाट उदयपुर बाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा जानकारी गराउने र त्यसको सन्तुष्टि वा असन्तुष्टि जानाउने ।
२ सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।
४ सामाजिक जिम्मेवारी न्यूनतम शर्त तथा कार्य सम्पादनपुरा गर्ने ।
५ सूचनाको हक तथा सुशासन संस्कारको बिकास गर्ने ।

**सार्वजनिक सुनुवाई कायक्रमको संक्षिप्त जानकारी :**
**१. त्रियुगा नगरपालिका १ नं.वडा कार्यालय जोगिदहः**
**कार्यक्रमकः सार्वजनिक सुनुवाई**
**कार्यक्रम स्थल :–**त्रियुगा नगरपालिका १ नं.वडा कार्यालय सभाहल
**कार्यक्रम मितिर समय :** २०७९ असार २५ गते
**कार्यक्रमको संचालन तथा सहजिकरणः** भरत खड्का अध्यक्ष सुशासनका हिमायती
**कार्यत्रलमको अध्यक्षताः त्रियुगा नगरपालिका १ नं.वडाका** अध्यक्ष मनोज कुमार चौधरी
**कार्यक्रमको स्वागतः** त्रियुगा नगरपालिका १ नं.वडाका सामाजिक परिचालक......
**कार्यक्रमको उद्देश्यः** त्रियुगा नगरपालिका सामाजिक शाखा प्रमुख विश्वजीत राई
**बिषय बस्तुको प्रस्तुतिः** १) वर्हिगमन अभिमत भरत खड्का
२) नागरिक प्रतिवेदन भरत खड्का
**प्रश्न उत्तर कार्य संचालनः** भरत खडका
**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** २.३०- दुई घण्टा तिस मिनेट
**सुनुवाई गरिएका विषयवस्तुहरुः**
संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने र प्रश्न उत्तर गर्ने साथै प्रतिबद्धता ब्यक्त गर्ने ।
सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।
सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।
नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।
सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।
हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

**कार्यविधि र प्रकृया :**

१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गरेको,

२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गरेको,

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरेको,

४ नगरपालिकालाई प्रतिवेदन बुझाईएको ,

**सहभागिहरु :**तपसिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा ९७ जनाको सहभागिता रहेको थियो ।

राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु,नगरपालिका पदाधिकारी,नगरपालिका स्थित बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । संचार कर्मी,स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु,नागरिक समाजका प्रतिनिधिहरु,सरोकार राख्ने नागरिकहरु,पेशा तथा व्यवसायिहरु,संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको क्रममा उठेका प्रश्न/जिज्ञासा र उत्तरः**

| क्र. स. | प्रश्न वा गुनासो कर्ताको नाम | प्रश्न वा गुनासाहरु | ज्वाफ दिने व्यक्तिको नाम र पद | जवाफको छोटकरीमा व्यहोरा |
|---|---|---|---|---|
| १ | मलावत्ती चौधरी | नगरपालिकाले दिएको योजनाको विकास निर्माणका कार्यहरु निरिकक्षण तथा चेक, जाँच गर्न आउदा पैसा दिनै पर्ने अवश्था रहेको छ र हाम्रो स्थानिय तहमा स्वास्थ्यका क्षेत्रमा स्मबुलेनसको व्यवस्था अहिले सम्म किन भएको छै ? | विश्वजित राई( सामाजिक शखा अधिकृत) | निरिकक्षन गर्न आउदा यस प्रकारको नगर लिएर योजना पास गर्ने तथा काम गराउने पाएमा वा अब को आउदो समयमा यसतो समस्या आएमा हामि कारबाही तथा जरिवाना लगाउछौ । स्वास्थ्य क्षेत्रमा स्मबुलेनसको व्यवस्थामनमा हामि पहल गर्छौ । |
| २. | अम्बिका चौधरी | योजनाको काम गर्दा भुक्तानी लिने समयमा पैसा कटा गरिन्छ र यस स्प्रष्ट जान्कारी पनि दिएको छैन ? | विश्वजित राई( सामाजिक शखा अधिकृत) | आगामि दिनहरुमा भुक्तानी लिने समयमा कटा गरिने रकम सम्बन्धमा तपाईहरुलाई प्रस्ट सुचनाको उपलब्ध गराईन्छ र तपाईहरुले पनि आफुलाई आवश्यकता परेको सुचना प्राप्त गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सोध पुछ छर्न पर्दछ । |

| | | | | |
|---|---|---|---|---|
| ३. | -चक्र बाहादुर राउत | योजनाको क्षेत्रमा कार्य सम्पन्न गरिसके पछि पनि रकम किन ढिला भुक्तानि गर्नु हुन्छ ? | विश्वजित राई( सामाजिक शखा अधिकृत) | तपाईहरु जस्तै सेवाग्राहिको चाप र तपाईहरु भन्दा पनि टाडाको वडाहरुबाट १ देखि २ दिन सम्म समय लगाएर सेवा लिन आउनुभएको हुन्छ । त्यसैले हामिले उहाहरुलाई पनि हेर्नुपर्ने हुन्छ । |
| ४. | राजकुमार खडका | त्रि.न.पा. मा सेवा तथा कार्य गर्न जादा कर्मचारी तथा जनप्रतिनिधि तिन पटक नभिटिएर घर फर्किए, यो सम्स्यालाई कसरी व्यवस्थापन गर्नु हुन्छ ? | विश्वजित राई( सामाजिक शखा अधिकृत) र मनेज कुमार चौधरी (वडा नं.०१ का अध्यक्ष) | कार्यलयको काम भन्दा बाहिय कार्यलाई पनि हेर्नु पर्ने भएको ले कहिले कहि म नहुन सकछु र बाहिर गएपनि म हजुहरुकै लागि कुनै कर्यक्रम, तालिम तथा बैठक मा गएको हुन्छ । यस प्रकारको समयमा तपाईहरु आउनु भएको होला त्यस कारण म नभेटिएको हुन सकछु । |
| ५. | शिव भट्टराई | अर्थिक बर्षको बजेट तथा योजना स्थानिय तहका सम्पुर्ण जनता समक्ष सार्वजनिक तथा पार्दशिकता हुनुपर्छ ? | मनेज कुमार चौधरी (वडा नं.०१ का अध्यक्ष) | आउदो बजेटको जानकारी हाम्रो वडा क्षेत्रका सम्पुर्ण टोल बिकासका अध्यक्ष तथा स्थानिय तहका नागरिकहरुलाई यस वडा सभाहलमा बैक गरि प्रष्ट रुपले जानकारी गराउछौ । |
| ६. | लाल बा. चौधरी | हाम्रो टोलमा अहिले सम्म कृषिको लागि बत्ती तथा पोलको व्यवस्थापन भएको छैन, यसलाई व्यस्था गर्दिनु पर्छ । | मनेज कुमार चौधरी (वडा नं.०१ का अध्यक्ष) | यो आर्थिक बर्षमा तपाईको क्षेत्रमा कृषिका लागि पोल बत्ति को व्यवस्थापन गरिदिने छौ । |
| ७. | भजु राम चौधरी | नगरपालिका को कर्मचारीहरुले आफनो क्षेत्रमा रहेको सेवाग्राहीहरुलाई समान रुपमा सेवा प्रदान गरने र सबैमा असल व्यवाहरको लागु गर्नुपर्छ ? | विश्व जित राई( सामाजिक शखा अधिकृत) र मनेज कुमार चौधरी (वडा नं.०१ का अध्यक्ष) | कर्मचारीहरुले सबै जन सेवाग्रहीलाई समानपुर्वक व्यवाहार तथा सेवा प्रधान नगरेको खण्डमा हामिलाई जानकारी गरानुस, हामि र्कबाहि गर्छौ र तपाईहरुलाई समान रुपले असल सेव प्रधान गर्छौ । |
| ८ | सुनिल राजधामि | एक ठाँउको बजेट अर्को ठाँउमा लगाउनु भएन, जुन ठाँउमा बढि सम्स्या तथा नियन्त्रणको अवश्यकता रहेको ठाउमा किन | विश्वजित राई( सामाजिक शखा अधिकृत) | यो सरासर गल हो, जुन ठाँउ र क्षेत्रमा बढि समस्या र नियन्त्रणको आवश्यकता रहेको छ, त्यो ठाँउमा बजेट को खर्ज गर्नु पर्दछ । र यो समस्यालाई समाधन गर्न म योजना शाखा सँग प्रश्न गर्छु र समाधन पनि । |

| | | | | |
|---|---|---|---|---|
| | | बजेटको नलगाउनु भएको । | | |
| ९ | शेर धन राई | वडा नं. ०१ को पुर्व रुपनी टोलमा बाटोको तथा सार्वजनिक स्थलहरुको व्यवस्थापन भएको छैन ? यसलाई कसरी व्यवस्थापन गर्नु हुन्छ | मनेज कुमार चौधरी (वडा नं.०१ का अध्यक्ष) | रुपनि टोलम देखिएको समस्यहरुलाई व्यवस्थापन गर्न यस आउदो बजेट बाट बजेट छुटयाईनछ । |
| १०. | मानोज प्रसाद चौधरी | स्थानिय सरकारले स्थानिय विकासमा निम्ति ठुला योजनाहरुको व्यवस्थापन गर्ने र रोजगारीको अवसरहरु पनि र्सिजना गर्नु पर्छ । | मनेज कुमार चौधरी (वडा नं.०१ का अध्यक्ष) | आउदो अर्थिक वर्ष पछि हामि रोजगारी तथा घरेलु उधोगकको तालिमहरु ल्याउने बाचा गर्छौ । |
| ११. | -रचना अधिकारी | बाटेको घाटोको निर्माण गर्दा स्थानिय सरकारले गुण्स्तरीयमा ध्यानमा राखेर किन काम गर्दैन ? | मनेज कुमार चौधरी (वडा नं.०१ का अध्यक्ष) | हामिले आएको बजेटलाई सहि रुपले सदुपयोग गर्दै गुन्सतरमा ध्यान दिरहेको छौ र हामि संग अलिकति प्रविधिक क्षेत्रमा कम पहुच र ज्ञानको कमि भएर गुन्सतरमा कमि देखिएको हो । आगामि दनिहरुमा यो अझ प्रविधिक रुपमा बढि बिकास गरि हरेक क्षेत्रमा गुन्सतरीयता बढाउनु पर्छ । |
| १२. | राम कमार राजधामी | योजनको काम गरिसके पछि भुक्तानि लिने प्रकृयामा सहजता र सजिलोपन अपनाउन नगरपालिकाले के गर्नु हुन्छ ? | विश्वजित राई( सामाजिक शखा अधिकृत) | अहिले समयमा योजनाको कर्य गरि सके पछि नगरको भुक्तानि तथा कार्य  सम्पादनमा ढिला हुन्छ । यसलाई समाधानका लागि हामिले प्रविधिक तथा सहजताका सुबिधाहरु तपाईहरुलाई प्रधान गर्नेछौ । जस्तै कि घरमा बसेर तपाईहरु राज्शव तिरन सकनु हुन्छ, कुनै गुनासा भए ईमेरबाट जानकारी गराउन सकनुहुन छ, र तपाईहरु कार्यलय आउदा कागतपत्र लिएर यताउता धाउन पर्ने अवश्थाको अन्त्य गरी सहजताको लागि हामि एक जना सहजकर्ता राखेर तपाई को कगजपत्र लिएर सहजकर्ताले गर्दिन्छ । |
| | | | | |

**२.सार्वजनिक सुनुवाई कायक्रमको संक्षिप्त जानकारी :**

**१. त्रियुगा नगरपालिका २ नं.वडा कार्यालय खैजनपुरः**

**कार्यक्रमः सार्वजनिक सुनुवाई**

**कार्यक्रम स्थल :–**त्रियुगा नगरपालिका २ नं.वडा कार्यालय सभाहल

**कार्यक्रम मितिर समय :** २०७९ असार २६ गते बिहानको ११ बजे

**कार्यक्रमको संचालन तथा सहजिकरणः** भरत खड्का अध्यक्ष सुशासनका हिमायती

**कार्यत्रलमको अध्यक्षताः त्रियुगा नगरपालिका २ नं.वडाका** अध्यक्ष घमान सिंघ खत्रि

**कार्यक्रमको स्वागतः** त्रियुगा नगरपालिका २ का सदस्य अर्जुन पोखरेल

**कार्यक्रमको उद्देश्यः** त्रियुगा नगरपालिका सामाजिक शाखा प्रमुख विश्वजीत राई

**बिषय बस्तुको प्रस्तुतिः** १) वर्हिगमन अभिमत भरत खड्का

२) नागरिक प्रतिवेदन भरत खड्का

**प्रश्न उत्तर कार्य संचालनः** भरत खडका

**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** २.३०- दुई घण्टा तिस मिनेट

**सुनुवाई गरिएका विषयवस्तुहरुः**

संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने र प्रश्न उत्तर गर्ने साथै प्रतिबद्धता ब्यक्त गर्ने ।

सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।

सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।

नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।

सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।

हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

**कार्यविधि र प्रकृया :**

१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गरेको,

२ सार्वजनिक सेवा प्रवाह,नागारिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गरेको,

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरेको,

४ नगरपालिकालाई प्रतिवेदन बुझाईएको ,

**सहभागिहरु :**तपसिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा ९७ जनाको सहभागिता रहेको थियो ।

राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु,नगरपालिका पदाधिकारी,नगरपालिका स्थित बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । संचार कर्मी,स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु,नागरिक समाजका प्रतिनिधिहरु,सरोकार राख्ने नागरिकहरु,पेशा तथा ब्यवसायिहरु,संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको क्रममा उठेका प्रश्न/जिज्ञासा र उत्तरः**

वडा नं.०२ त्रियुगा नगरपालिकाको नागरिकका प्रश्नहरु :-

१. श्याम नारायण चौधरी - बहादुर बिकको बाटो विच विवाद ।
२.रामश्रेष्ठ चौधरी - खैजनपुर किन लेखिएन?, नेपालमा जनजातीहरुको दर्ता छ या छैन ? बजेट विषयमा जानकारी गराउनु पर्ने ?
३.मेघ प्रशाद खतिवडा - योजना वडाबाट हुन्छ फछ्र्योट गर्दा समस्या उत्पन्नहुन्छ ?
४.लिलबहादुर बोगटी - दलितको कार्यक्रम दलित मार्फत नभएको, दलित बालबालिकालाई किताब कापी वितरण भएन किन?
५.प्रेम बहादुर विक - योजना किस्ता बन्दीमा तीन किस्ता हुन्छ, यो नगरि भूतानी हुदैन् ?
६.दुर्गा दनुवार - एक घर एक रोजगार त भनियो तर खै रोजगार, सवै बजेट बाटो, खोलानालामै लगाइनछ ?महिला लक्षीत तालिमहरु पनि दिईयो तर प्रभावकारी भएन ।

७. मोहोमत बरगैत मिया - नापी आयो विजुलीको बोल आयो तर मेरो जग्गामा नापी पनि आएन पोल पनि गाडीएन । घर मेरो जग्गा स्कुलको नाममा, ऐलानी जग्गामा खेती गरिरहदा खानेपानीको ट्याङकी बनाईएको ।

८.खातुन अलि - मृतकको शवगाडीने ठाउँमा घेराबेराको माग, मर्दशामा पनि बजेट विनियोजन गरिदिनु हुनआग्रह ।

९.दानबहादुर विष्ट - रोगीको लागि वडाबाट के कस्ता पहलहरु भएको छन ?

१०.प्रशुराम रोक्का - कनिका छरे जस्तो बजेट विनियोजन, कृषी सामाग्रि संस्थानमा मल छ तर कृषलाई ७० बोरा मात्र मल वितरण गरियो ।

११. रामकृष्ण राजधामी - वन संरक्षण, भू-क्षय, बाढीपहिरो रोक्न मुहान संरक्षणको योजना हुनु पर्ने अनि मात्र नदी नियन्त्रण हुन्छ । यस खालको योजना खै खालि पुछरमा वाँध वाँधेर मात्र हुदैन ।

१२. हरिकुमार परियार - नयाँ बस्ती बचाउन, पश्चिममा मात्र बाध भयो पूर्वमा भएन ?

१३.विनोद श्रेष्ठ - सुनुवाई कार्यक्रम ढिलाई गरि भएको , व्यावसायीक बनाउनका निम्ती १ /२ वटा बाखा, १/२ सुङ्गुरका पाढा वा कुखुराको चल्ला वितरण गरेर हुदैन । व्यावसायीक कृषक उत्पादन गर्न कृषकलाई पुग्ने सम्पूण कुरा वितरण गरिनु पर्छ ।

१४.धुर्बकुमार पराजुली - वडाबाट टोल विकासको अध्यक्षको लागि के कस्ता सेवा सुविधाको व्यवस्था छ ।

१५.हिरा पराजुली - विकृती फैलिएकोले किशोर किशोरीलाई समयमै उचित शिक्षाको व्यवस्था मिलाउने । आवासीय बालबालिकाको तथ्याङक संकलन र निःशुल्क शिक्षाको व्यवस्था ।

१६. बित्रबहादुर श्रेष्ठ - शिक्षा पूर्वाधारमा विकास भएन लगानी बढाउनु पर्ने ।

१७. गणेश उप्रेती - बैरागीमा ट्रान्सर्फमर आवश्यक छ ।

१८.सन्तोष रोक्का - खेलकुद,युवा साथीहरुलाई वडाबाट भलिवल कोट, फूटबल ग्राउन्ड र व्याडमिन्टनको व्यावस्था हुन जरुरी छ ।

१९.बलराम उप्रेती - स्वरोजगार कार्यक्रम यो भन्दाअगाडी के भयो र अवको आगामी दिनमा यस्को के कस्तो व्यावस्था रहेको छ ।

२०.हरिहर बत्ती चौधरी - ऐलानी जग्गा नापी गरियोस र लालपुर्जाको व्यावस्था होस ।

२१.बद्री लुइटेल - गरिबको पहिचान र स्वरोजगारको सृजना भएन ।

**वडा नं. २ का नागररिकले उठान गरेका प्रश्नहरुका जवाफहरु :-**

राष्ट्रिय भूमी आयोग उदयपुर जिल्लाको सदस्य रुद्र अधिकारी -

- लगत संकलन गरिएकोमा सवै लगत खाजेर भएको ।
- भूमिहिन, दलित र भूमिहीन सुकुमबासीहरुको लागि पुन : नयाँफर्म भर्न थालिएको छ ।
- वडामा थुप्रै जग्गाहरु बाँकी नै छ । टोलविकास समितिले सहजीकरण गरी सहज ढङगबाट तयार गरियो भने राम्रो तथा छिटो हुने छ ।

वडा अध्यक्ष-घमानसिंघ खत्री

१. नम्बरी जमिनमा लगाईएको पर्खाल भत्काएर १५/१५ हजार रुपैयाँ दिएर बाटो बनाईएको ।

२. आदीवासी जनजाती, दलित, अपाङ्ग, महिला,जेष्ठ नागरिक लगाएत स्वास्थ्य शिक्षामा पनि कम्तीमा १५ प्रतिशत नघटाई ल्याउन ब्रेक्डाउन आएकोमा वडाबाट २२/२७ प्रतिश ब्रेकडाउन राखेर बाँड्दा १ देखी डेढ लाख सम्म पुगेको छ । समय अभावले नगर सभा पश्चात मात्रै वडा सभा भयो । ब्रेकडाउनका बजेट पनि पुन वडामा अनुमोधन गरिने वडाअध्यक्षले प्रतिवद्धता गर्नुभयो । खैजनपुरमै वडाकार्यालय अवस्थित भएकोले सबैको सहमतिमा कोष्ठमा खैजनपुर लेखियो । तर यो कानुन सम्वत छैन भनेर स्थानियले विवाद निकाले पछि खैजनपुर नलेखिएको हो ।

३. ५ लाख सम्मको योजना फछ्र्योट वडाबाटै हुने र ५ लाख भन्दा माथिको नगरमा जान्छ । वडाबाट हुने काममा कुनै पनि ढिलासुस्ती गरिएको छैन ।

४. नयाँ नियम लागु भए अनुरुप वडाका सवै कार्यभार टोल विकास संस्थाबाट गरिएको यद्यपी अन्य रुपमा काम गरिएको हाकिमबाट फछ्र्योट नभएकोले सवै कामटोल विकास मार्फत गरिने भएको हो ।

वडामा भएका ४ वटा स्कुलमा स्कुल ड्रेस वितरण गरिएको र आगामि दिनमा दलित बालबालिकालाई कापिकिताब पनि वितरण गर्ने प्रतिवद्धता ।

५. मिल्दैन, नियममै किस्ताबन्दी बाट भूक्तानी गरिने बनाईको छ । वडा र नगरले काम पुरा सकेर मात्रै ६० र ४० प्रतिशत गरि दिने गरिन्छ ।

६. ४ वटा वडामा उद्यमीको सवालमा ३१ लख माथि बाट आको थियो । २ नं. वडामा ५ लाखको उद्यमी कार्यक्रम सञ्चालन गरिएको ।

७.सल्लाह गरेरै नापी गरी पानी ट्याङ्कीको काम सुचारु गरेको वडाअध्यक्षको भनाई छ । स्कुलको नाममा भएको जग्गामा पोल गाड्न पाईदैन । सो जग्गाको कुद पनि नतिरीएको र स्कुलले सिफारिस गरेर दिएमा वडाबाट पोल गाड्नमा कुनै आप्पती नभएको बताउनु भयो ।

८. मदर्शा स्कुललाई पनि आगामी बजेटमा समेटिने छ ।

९. किटनी, क्यान्सर र प्यारालाईसिस रोगी भनि अस्पतालले प्रमाणीत गरेकोलाई वडाले प्रति महिना ५ हजारका दरले वितरण गर्ने व्यावस्था रहेको तर अन्य रोगीको लागि कुनै बजेट नभएको ।

१०.अबको बजेट सानातिना भन्दा पनि ठूलो योजना लक्षित रहेको, डिलरलाई मात्रै मल वितरण गरिनु पर्यो डिलर भन्दा फालटु वितरण नगरियोस ।

११. चरीचरण तथा वनविनाश बद गर्नुपर्छ बाढीपहिरो नियन्त्रण हुन्छ ।

१२. पुर्बमा आज सम्म १ करोड २३ लाख बराबरको पूर्वमा बाधँ बाधिएको छ । पश्चिममा १३ लाखको मात्र बाधबाधिएको छ । पशिममा आफ्नो व्यक्तिगत रकम उठाएर बाधँबाधेको हो । पूर्व तिर जग्गा भएका व्यक्तिले प्रतिव्यक्ति ५ हजार बराबरको रकम उठाएमा २ लाख निःशुल्क दिने प्रतिवद्धता ।

१४.वडाबाट टोल विकासका अध्यक्षहरुलाई सम्मान कार्यक्रम गर्ने ।

१५.शिक्षा, स्वास्थ्या, बालबालिका, महिला, आदिवासी जनजातीको लागि सामाजिक शाखाबाटै बजेट विनियोजन गरिन्छ । पूर्वधारको विषयमा पनि योजना अगाडी बढाएको छ ।

१६. ट्रान्र्फमरको व्यवस्था मिलाइने छ ।

१७.खेल्कुदमा कम बजेट विनियोजन भएको छ । १ लाख मात्रै वडाको बजेट विनियोजन भएको छ यसको लागि हामि नगरमा गई छलफल गर्नेछौं ।

१८.यो भन्दा अगाडीका २ वर्ष प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सञ्चालन गरिएको र आगामी दिनमा पनि स्वरोजगार कार्य क्रमलाई अगाडी बढाउन सकिन्छ ।

१९. समन्वय गरेर ऐलानी जग्गा नापी गरिने छ ।

२०.गरिबीको पहिचान गरिएको छ ।

त्रियुगा नगरपालिकाको सामाजिक शाखा प्रमुख विश्वजीत राई

- नेपाल सरकारले सबै तिर आदिवासी जनजातीलाई समावेश गरेको छ । जनजाती संगठन खोल्ने अधिकार भने सबैलाई छैन ।

उप- मेयर महेश्वरी राई

- आदीवासी जनजातीको लागि २६ प्रतिशत बजेट विनियोजन भएको छ ।
- १ करोड २५ लाख मध्येबाट २५ लाखको ठोस कार्यक्रम सञ्चालन गरिनुपर्छ ।
- मदर्शा स्कुलको लागि पनि बजेट विनियोजन भएको छ ।
- कृषी शाखा र कृषी प्रमुख संग सहकार्य गरि बजार अनुगमन गरी मल र दरभाउ मिलाउने ।
- आवासीय रुपमा आमाबुबा नभएका ) बालबालिकाको लागि पनि बजेट विनियोजन गरिएको छ

(सुशासनका हिमायती (जी क्यू ) का अध्यक्ष भरत खड्का

- आगामी सार्वजनिक सुनुवाईमा खेलकुदका प्रश्नहरु पनि समावेश गरिने छ ।

**३.सार्वजनिक सुनुवाई कायक्रमको संक्षिप्त जानकारी :**
**१. त्रियुगा नगरपालिका कार्यालय गाईघाट :**
**कार्यक्रमः सार्वजनिक सुनुवाई**
**कार्यक्रम स्थल :–**त्रियुगा नगरपालिका कार्यालय सभाहल
**कार्यक्रम मितिर समय :** २०७९ असार ३१ गते बिहानको ११ बजे
**कार्यक्रमको संचालन तथा सहजिकरणः** भरत खड्का अध्यक्ष सुशासनका हिमायती
**कार्यत्रलमको अध्यक्षताः त्रियुगा नगरपालिका नगर प्रमुख बसन्त कुमार बस्नेत**
**कार्यक्रमको स्वागत तथा उद्देश्यः** त्रियुगा नगरपालिका सामाजिक शाखा प्रमुख विश्वजीत राई
**बिषय बस्तुको प्रस्तुतिः** १) वर्हिगमन अभिमत भरत खड्का
२) नागरिक प्रतिवेदन भरत खड्का
**प्रश्न उत्तर कार्य संचालनः** भरत खडका
**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** २.३०- दुई घण्टा तिस मिनेट
**सुनुवाई गरिएका विषयवस्तुहरुः**
संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने र प्रश्न उत्तर गर्ने साथै प्रतिबद्धता ब्यक्त गर्ने ।
सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।
सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।
नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।
सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।
हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

**कार्यविधि र प्रकृया :**

१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गरेको,

२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गरेको,

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरेको,

४ नगरपालिकालाई प्रतिवेदन बुझाईएको ,

**सहभागिहरु :**तपसिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा ९७ जनाको सहभागिता रहेको थियो ।

राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु,नगरपालिका पदाधिकारी,नगरपालिका स्थित बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । संचार कर्मी,स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु,नागरिक समाजका प्रतिनिधिहरु,सरोकार राख्ने नागरिकहरु,पेशा तथा ब्यवसायिहरु,संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको क्रममा उठेका प्रश्न/जिज्ञासा र उत्तरः**

| क्र.स. | प्रश्न वा गुनासो कर्ताको नाम | प्रश्न वा गुनासाहरु | ज्वाफ दिने व्यक्तिको नाम र पद | जवाफको छोटकरीमा व्यहोरा |
|---|---|---|---|---|
| १ | प्रतिमा शाह | यस सार्वजनिक सुनुवाई कार्यक्रमा संकलन डाटाहरु पर्याप्त छैन, यस प्रकार सुनुवाई तथा गुनासाहरु राख्ने कार्यक्रममा अझ बढि नागरिकहरुको अभिमत लिएर कार्यक्रम गरेको भए हुने थियो .. | भरत खडका, (सुशासनका हिमायति का अध्यक्ष) | सर्वाजनिक सुनुवाईको सिद्धान्त अनुसार गरेको हो । हामिले एक सय भन्दा बढि नै नागरिकहरुको अभिमत लिएर तपाईहरु माझ प्रस्तुत गरिएको तथ्याङ हो । र अझ सबै नागरिकहरुलाई सहभागि गराउने इच्छा भएता पनि समयको अनुकुलता नमिलेकोले हामि एक सय जनाको जनमत लिएको हो । |
| २. | चन्द्र बाहादुर बि.क. | नगर तथा वडामा कुनै काम लिएर सेवा प्राप्त गर्न जादा हाम्रो काम गर्न ढिलाई गर्दिने र मान्छे लाई चिन्नेर कामहरु गर्ने गरेको छन, यसलाई कसरी सुर्धानु हुन्छ... | बसन्त कुमार बस्नेत( मेयर) | तपाईहरुमा समान व्यवाहर तथा काम गर्नु पर्छ यदी भएनभने तपाईहरु स्वयम भएको स्थलमा जवाफ दिनु पर्दछ र प्रशासनमा पनि खबर गर्नुपर्छ । |

| | | | | |
|---|---|---|---|---|
| ३. | घरमान सिंह खत्रि | हाम्रो टोलहरुमा काम त गर्नुहुन्छ तर तपाईहरुले थोरै मात्रामा गर्नुहुन्छ । जस्तै नाला बनाउने योजना आएसी थोरै मात्रामा बनाएर बाकि अहिले सम्म त्यतिकै रहेको छ । | बसन्त कुमार बस्नेत( मेयर) | आएको बजेटलाई बाडफाड गर्दा साना साना भागमा विभाजन गरि हामिले काम गर्नु पर्छ । जुन ठाँउमा जत बजेट पर्दछ, त्यो बजेट अनुसार हामि काम गर्छौ । |
| ४. | गोबिन्द बा.राउत | आउदो अर्थिक वर्षमा हाम्रो नगरपालिकामा कति बजेट आउछ र स्थाानिय तहहरुमा कसरी यसको बाडफाड तथा जानकारी गराउनु हुन्छ ..... | बसन्त कुमार बस्नेत( मेयर) | यस वर्ष को अर्थिक बर्षमा हाम्रो नगरपालिकामा लगभग १८,००,००,००० भन्दा बढि बजेटको निकासा गर्छौ र स्थानिय तहका नागरिकहरुलाई बैठक तथा पुस्तकहरु प्रकाश गरी जानकारी गराउछौ । |
| ५ | प्रतिक्क्षा खत्री | युवाहरु धेरै बेरोजगारी छन तथा प्राविधिक रुपमा पनि पछि परेको छ, यसलाई सुधार गर्न तपाईहरुले के गर्नुहुन्छ ... | बसन्त कुमार बस्नेत( मेयर) | अहिले को समयमा जनसंख्या बृद्धिले गर्दा अध्याधिक मात्रामा सबै क्षेत्रमा अधिक चाप परेको देखिन्छ र रोजगारी पाउन पनि गाह्रो रहेको अवस्था देखिएको हो । यसलाई न्युनिकरण गर्न स्थानिय तहरुमा रोजगारमुलक तथा प्राविधिक विकाशको निम्ति पुजिको व्यवस्थाको सिर्जना तथा संचालन गर्नु पर्छ |

**सार्वजनिक सुनुवाई कार्यक्रमको समयमा आएको प्रतिवद्धता र कार्ययोजना :**

१. जनप्रतिनिधि र कर्मचारी सेवक हो । चुनाबको समयमा मालिक वा हाकिम हैन सेवक बननेछौ भन्ने चुनाबी प्रतिबद्धता थियो सोहि अनुरुप नागरिक मैत्रि सेवाका लागि प्रतिबद्धता गर्दछौं ।

२.नागरिकको स्वास्थ्य,शिक्षा,कृषि र सरसफाई लगाएतका अत्यावसेक सेवा तथा नागरिकको विकास अधिकार सुनिश्चिच गर्न सेवा वितरण प्रणाली छिटो,सरल,सहजर पारदर्शि र नागरिक मैत्रि बनाउने ।

३. कर्मचारी नियमित गर्ने गराउने यदी समस्या भएमा सिधा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था वा संरचनाको विकास गर्ने भनी जनप्रतिनिधिहरुले प्रतिबद्धता गर्नु भएको थियो ।

४ नियमित रुपमा वडा कार्यालय संचालन गर्ने,जनप्रतिनिधि,कर्मचारीहरु नागरिक प्रति जिम्मेवारी,जवाफदेहि र कर्तव्य निष्ठ भएर काम गर्ने प्रतिबद्धता सामुहिक रुपमा भएको थियो ।

५. सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रिया प्रति नगरपालिका प्रतिवद्ध छ । यस कार्यक्रममा

उठेका सवाल,गुनासा र प्रतिक्रिया तथा सल्लाह सुझाव ग्रहण गर्दै कार्यान्वयनको प्रतिवद्धता व्यक्त गर्दछौ ।

६.आगमि दिनमा नियमित रुपमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने र वडा स्तर सम्म सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने प्रतिवद्धता ।

७. सर्वसाधारणको गुनासो पीर मर्का सुन्ने र तत्सम्वन्धी विषयलाई जिम्मेवार अधिकारी समक्ष पुऱ्याउने कामका लागि गुनासो सुन्ने केन्द्र वा ईकाइ खडा गर्ने वा पदाधिकारी तोक्ने सम्बन्धमा यस सार्वजनिक सुनुवाई मार्फत प्रतिवद्धता व्यक्त गर्दछौं ।

८.नियमित अनुगमन,समिक्षा तथा सामाजिक परीक्षण,सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता नागरिक मैत्रि कार्यक्रम सामाजिक जिम्मेवारी र जवाफदेहितामा आधारित कार्यक्रमहरु सबै वडा तथा बिषयगत क्षेत्रमा पनि अनिवार्य गर्ने कार्यलाई बजेट सहित उत्प्रेरणा तथा सहजिकरण गर्ने प्रतिवद्धता ।

९ संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि,सेवाको नियमितता र सेवाको गुणस्तर,सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था,नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था र सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी सन्तुष्टि असन्तुष्टिको वारेमा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतको समिक्षा गर्ने र सन्तुष्टिलाई अझ बढावा दिने र असन्तुष्टिलाई कम गर्दै लैजाने प्रतिवद्धता ।

१०. योजना संचालन प्रकृयामा सरल सहज बनाउने ।

११. सार्वजनिक सुनुवाई सफलता पुर्बक सम्पन्न भएको ठहर सहित यस अवसरमा सबैलाई धन्यवाद ।

**अन्तमाः**

जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता,सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने प्रतिबद्धता सहित त्रियुगा नगरपालिकाले एउटा सकारात्मक प्रयास सार्वजनिक सुनुवाई गर्ने कार्य उत्साहा जनक ब्यापक उपस्थितीमा सफलता पुर्बक तेस्रो पक्षको सहजीकरणमा संचालन गरी सम्पन्न भएको छ । यस अबस्थामा सुनुवाईको समयमा उठेका सवाल,गुनासा र सुझावहरु ब्यवहारिक रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता भएको छ । यो निकै राम्रो स्वागत योग्य प्रयास हो । यस्ता नागरिक प्रति जिम्मेवार हुने र सुशासनमा टेवा पुग्ने नागरिक मैत्रि कार्यक्रमले निरन्तरता पाउनु पर्छ । आगामी दिनमा सार्वजनिक सुनुवाई कार्यक्रम अझ प्रभाबकारी रुपमा फरक स्थानमा संचालन गर्ने गराउने वातावरण निर्माण हुनेछ

**धन्यवाद**

# त्रियुगा नगरपालिकाको आ.ब.०७८/७९ को सार्वजनिक सुनुवाई कार्यक्रमको फोटोहरु













15/07/2022 13:55


15/07/2022 13:51


15/07/2022 13:57


15/07/2022 13:58


15/07/2022 14:44


15/07/2022 14:50


15/07/2022 14:53


15/07/2022 14:56


15/07/2022 15:01


15/07/2022 15:07


त्रियुगा नगरपालिकाको
सार्वजनिक सुनुवाई कार्यक्रम
15/07/2022 15:06


24/06/2022 14:05


त्रियुगा नगरपालिका र वडा नं. १,२,र १६ समेतको
आ.व. २०७८/०७९ को सार्वजनिक सुनुवाईका लागि
नागरिक प्रतिवेदन
(Citizen Report Card CRC) र
बहिर्गमन अभिमत
Exit Poll
संकलन कार्यक्रम
त्रियुगा नगरपालिकाको कार्यालय
उदयपुर
26/06/2022 11:22